प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कोशी प्रदेश कार्यालय

इटहरी, सुनसरी

## बाह्य प्रयोगात्मक परीक्षा सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना।

(सूचना प्रकाशित मितिः २०८३/०५/०२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०४/१५ गते प्रकाशित परीक्षा तालिकासम्बन्धी सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तहको प्रथम, दोस्रो र तेस्रो वर्ष तथा सेमेस्टर प्रणालीअन्तर्गत प्रथम वर्षको दोस्रो खण्ड, दोस्रो वर्षको चौथो खण्ड र तेस्रो वर्षको छैटौं खण्डका प्रत्येक कार्यक्रमको पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम सबै विषयको प्रयोगात्मक परीक्षा, परीक्षा सम्बन्धी विनियमावली, २०८३ तथा प्रयोगात्मक परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३ को बुँदा नं. ४(२) बमोजिम प्रि-डिप्लोमा तहको अन्तिम प्रयोगात्मक परीक्षा तथा डिप्लोमा तहको वार्षिक प्रणालीअन्तर्गत दोस्रो र तेस्रो वर्ष तथा सेमेस्टर प्रणालीअन्तर्गत दोस्रो र तेस्रो वर्ष (प्रथम तथा दोस्रो खण्ड) का प्रयोगात्मक विषयहरूको बाह्य प्रयोगात्मक परीक्षा सञ्चालन गर्नको लागि प्रयोगात्मक परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शनको दफा ६ को (ग) बमोजिम बाह्य प्रयोगात्मक परीक्षा सञ्चालन हुने सबै कार्यक्रमका सबै वर्ष तथा खण्डका प्रत्येक विषयको दक्षता मूल्याङ्कनका लागि अनुसूची -१ बमोजिमको ढाँचामा प्रत्येक विषयका कम्तीमा ५ सेट चेकलिस्ट तयार गरी प्रयोगात्मक परीक्षा तालिकासँगै स्वीकृतिका लागि परिषद्, प्रदेश कार्यालयको इमेल ठेगाना erroitahari@gmail.com मा मिति २०८३/०५/०५ गतेभित्र अनिवार्य रूपमा पठाउनुहुन परिषद्, कोशी प्रदेश अन्तर्गतका सम्बन्धित सबै शिक्षालयहरुलाई यसै सूचनामार्फत सूचित गरिन्छ।

**पुनश्चः** डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमको प्रथम वर्षको प्रयोगात्मक परीक्षा तालिका स्वीकृत भएपछि सम्बन्धित शिक्षालय स्वयंले परीक्षा सञ्चालन गर्नुपर्नेछ।

**निर्देशक**